संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

**प्रेस विज्ञप्ति — २०६३ चैत २९**

---

## द्वन्द्वको क्रममा बेपत्ता पारिएकाहरूका बारेमा अनुसन्धान गर्न आयोग स्थापना गर्नका लागि अन्तरिम सरकारलाई उच्चायुक्तको कार्यालय—नेपालद्वारा आह्वान

सन् २००३ मा भैरबनाथ गणको व्यारेकमा दिइएको यातना तथा त्यहाँबाट बेपत्ता पारिएकाहरूसम्बन्धी आरोपको अनुसन्धानबारेका सम्बन्धमा जारी अनिश्चितताका बारेमा संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय-नेपाल चिन्तित रहेको छ। यी घटनाका बारेमा उच्चायुक्तको कार्यालयले सरकारलाई आफ्नो प्रतिवेदन प्रस्तुत गरेको मितियता झण्डै वर्षदिन बितिसक्दा पनि पूर्ण तथा स्वतन्त्र जाँचबुझ स्थापना गरिनु बाँकी नै छ। नेपाली सेनाले गरेको विषेष अनुसनधान कहिले पनि प्रकाशित भएको छैन, न त, बारम्बार अनुरोधका बाबजुद, नेपाली सेनाले उच्चायुक्तका कार्यालय—नेपाललाई यसको प्रति प्रदान गरेको छ ।

उच्चायुक्तको कार्यालय—नेपालले राजेन्द्र ढकाल, विपीन भण्डारी तथा दिलबहादुर राई र चक्रबहादुर कटुवालको क्रमशः सन् १९९९, २००२ र २००१ मा भएको पक्राउ तथा जबरजस्ती बेपत्ता पारिने कार्य सम्बन्धमा सर्वोच्च अदालतको विशेष कार्यदलद्वारा गरिएको अपूर्व अनुसन्धानलाई ध्यानमा लिएको छ। सो कार्यदलले आफ्नो प्रतिवेदन सर्वोच्च अदालतलाई २०६३ चैत २५ गते बुझायो। द्वन्द्वको क्रममा राज्यको प्रतिविद्रोह कार्यक्रमको अङ्गको रूपमा स्वेच्छाचारी पक्राउ, यातना, हत्या र नियोजित तथा व्यापक रूपले बलपूर्वक बेपत्ता पार्ने कार्यको आम अभ्यास भएको यसले निष्कर्ष निकाल्यो। यसले सुरक्षाफौजका सदस्यहरू ती पक्राउका लागि जिम्मेवार भएका निष्कर्ष पनि निकाल्यो, र बेपत्ता पारिएका चार जना एवं एउटा घटनाका सम्बन्धमा हिरासतमा भएको एक मृत्युका लागि जिम्मेवार भनी निश्चित सुरक्षाफौजका सदस्यका नाम तोक्यो। यी र अन्य बेपत्ता पारिएका घटनासम्बन्धी पूर्ण तथा स्वतन्त्र छानबिन सञ्चालन गरिनेछ र त्यसले आदेशको जिम्मेवारी भएका व्यक्तिलगायत, जिम्मेवारहरूलाई जवाफदेही बनाइने छ भन्ने उच्चायुक्तको कार्यालय-नेपालले आशा गर्दछ।

आफ्नो प्रतिवेदनमा, सो कार्यदलले, अन्य कुराका अतिरिक्त, सर्वोच्च अदालतले बेपत्ता पारिएका व्यक्तिका सम्बन्धमा एक उच्चस्तरीय जाँचबुझ आयोग स्थापना गर्नको निम्ति सरकारलाई निर्देशन दिन भन्ने सिफारिस पनि गर्‍यो। आठ दल २०६३ कात्तिक २२ गतेको आफ्नो सम्झौतामा बेपत्ता पारिएकासम्बन्धी अनुसन्धान गर्न एक उच्चस्तरीय जाँचबुझ आयोगको गठनमा सहमत भएका थिए। आफ्नो न्युनतम साझा कार्यक्रममा, अन्तरिम सरकारले द्वन्द्वको क्रममा बेपत्ता भएकाहरूको भाग्यस्थितिबारे अनुसन्धान गर्न प्रतिबद्धता व्यक्त गर्‍यो।

सुरक्षाफौजद्वारा भएको पक्राउपछि वा नेपाल कम्युनिस्ट पार्टी (माओवादी)द्वारा भएको अपहरणपछि बेपत्ता भएकाहरूका बारेमा अनुसन्धान गर्न एक विश्वसनीय, दक्ष, स्वतन्त्र आयोग स्थापना गर्नको निम्ति नागरिक समाज तथा अन्य सरोकारवालाहरूसँग व्यापक परामर्श गरेर यो प्रतिबद्धतालाई पूरा गर्न उच्चायुक्तको कार्यालय—नेपालले अन्तरिम सरकारलाई आह्वान गर्दछ। यस्तो आयोगलाई कागजातको पहुँच प्राप्त गर्न आदेश दिने तथा आफ्ना अगाडि उपस्थित हुन व्यक्तिलाई समाह्वान जारी गर्न पाउने अधिकार हुनुपर्दछ। आयोगले गरेका कार्यको परिणाम सार्वजनिक गरिनुपर्दछ, तर यसले अभियोजनको प्रतिस्थापन गर्नु हुँदैन।

"सबै बेपत्ता पारिएकाहरूको भाग्यस्थिति स्पष्ट गर्न उचित र स्वतन्त्र छानबिन गर्नमा भएको ढिलाईले तिनका परिवार, जसलाई आफ्ना प्रियजनको स्थिति वा अवस्थाभन्नेबारे थाहा छैन, को पीडालाई मात्र बढाइरहेको एवं तिनलाई सत्य र न्यायको अधिकार अस्वीकार गरिरहेको छ," मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपालकी प्रतिनिधि लेना सुन्धले भन्नुभयो।

**For further information contact Mr. Marty Logan at OHCHR-Nepal:**
**Tel.: 428 0164 (Ext. 321) - Mobile: 98510 16107 or Email: mlogan@ohchr.org**